**CDC Journal, Year 32, No. 46, December 2024, DOI: https://doi.org/10.3126/cdj.v32i46.77049**
**Received Date: September 28, 2024 Accepted Date: December 31, 2024**

# प्रत्यागमन कथामा यथार्थवाद

**शालिकराम पौड्याल**

*बुटवल बहुमुखी क्याम्पस, त्रि.वि., बुटवल*

*Orcid ID: https://Orcid.org/0009-0007-6023-9864*

***Corresponding Email:*** *shalik.paudyal@bumc.tu.edu.np*

## लेखसार

*प्रस्तुत लेखमा गुरूप्रसाद मैनालीको प्रत्यागमन कथामा यथार्थको अध्ययन गरिएको छ । यस लेखमा प्राथमिक सामग्रीका रूपमा प्रत्यागमन कथा र द्वितीयक सामग्रीका रूपमा यथार्थवादका बारेमा गरिएका अध्ययनलाई लिइएको छ । यहाँ दुवै प्रकृतिको सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । प्रस्तुत लेखमा सामग्री विश्लेषणका क्रममा यथार्थवादको सैद्धान्तिक अवधारणालाई आधार बनाएर कथाको कथावस्तु, पात्र, परिवेश तथा भाषाशैलीमा पाइने यथार्थको विश्लेषण गरिएको छ । सामाजिक यथार्थवादी कथाकार गुरूप्रसाद मैनालीको 'प्रत्यागमन' कथामा सामाजिक विषयको उपयोग गरी पारिवारिक मनमुटाव र पुनर्मिलनको विषय देखाइएको छ । यस कथामा पारिवारिक मनमुटाव र बिछोडको अवस्थामा सामाजिक यथार्थ र पारिवारिक पुनर्मिलनको सन्दर्भमा आदर्श देखापरेको छ । कथामा आएको प्रमुख पात्र विवाहपश्चात् आफ्नो घर छाडेर जानु र अन्तिममा पुनः आफ्नै घरमा फर्किएर आउनु जस्ता क्रियाकलापलाई प्रस्तुत गरी कथाकारले परिवारका सदस्यहरूमा मेलमिलापको भावना रहन सकेन भने त्यसले पारिवारिक मनमुटावलाई नित्याउने गर्छ भन्ने सन्दर्भलाई यथार्थरूपमा प्रस्तुत गरी कथामा सामान्य विषयलाई लिएर दाजुभाइका बिचमा झगडा गर्नुहुँदैन र यसैलाई कारण बनाई घर छाडेर हिँड्नुहुँदैन भन्ने आदर्श विचार प्रकट गरेका छन् । प्रस्तुत कथामा नेपाली समाजको परिवारभित्र हुने मनमुटाव र कलहको यथार्थको चित्रण गरी अन्त्यमा परिवारका सदस्यका बिचमा सधैँ मेलमिलाप हुनुपर्छ भन्ने नेपाली समाजको आदर्शवादी विचारलाई प्रस्तुत गरिएको छ । यथार्थ घटनाको वर्णन गरी कथाको समापन आदर्शवादी विचारका साथ गरिनु आदर्शोन्मुख यथार्थवादी मान्यताका आधारमा यस लेखको प्राप्ति हो भने कथामा यथार्थलाई प्रस्तुत गरी आदर्शमा टुङ्ग्याइनु यथार्थवादी मान्यताका आधारमा सीमा हो । यस लेखमा कथाका घटना, पात्र, परिवेश र भाषामा यथार्थको प्रकटीकरण भएकाले कथा यथार्थपरक छ तथा यथार्थ घटनाका माध्यमबाट आदर्श विचारको प्रकटीकरण गर्दै घटनाक्रम आदर्शमा टुङ्गिएकाले प्रस्तुत कथा आदर्शोन्मुख यथार्थवादी बन्न पुगेको छ भन्ने निष्कर्ष निकालिएको छ ।*

***शब्दकुञ्जी*** *:* यथार्थवाद, आदर्शोन्मुख यथार्थवाद, मातृवात्सल्य, कर्तव्यपरायण, पारिवारिक मनमुटाव ।

## विषयपरिचय

वि.सं. १९९२ मा 'शारदा' पत्रिकामा 'नासो' कथा प्रकाशित गरेर नेपाली साहित्यको कथा विधामा प्रवेश गरेका गुरूप्रसाद मैनाली प्रथम आधुनिक कथाकार हुन् । उनका एघारओटा कथाहरूको सङ्कलनका रूपमा *नासो* (२०२०) कथासङ्ग्रह प्रकाशित छ । नेपाली समाजको यथार्थ चित्रण गर्दै मौलिक सामाजिक कथा लेख्ने परम्पराको प्रारम्भ गरी गुरूप्रसाद मैनालीले नेपाली कथामा आधुनिकता ल्याउने काम गरेका हुन् । कथाकार मैनालीका कथामा समाजमा हुने घटना, व्यवहार, दिनचर्या, सम्बन्ध र व्यवहारलाई विषयवस्तु बनाइएको छ । कथाकार मैनालीका कथाको कथानक विन्यास, चरित्र चयन, परिवेश, भाषाशैली सबै यथार्थपरक छन् । कथावस्तुमा नेपाली समाजका यथार्थ घटना आएका छन् । कथाका पात्र सामाजिक संस्कार र नैतिक आचरणका सीमामा बाँधिएका छन् । उनका कथामा ग्रामीण र सहरिया परिवेशको चित्रण पाइन्छ । त्यसैले कथाकार गुरूप्रसाद मैनाली नेपाली कथामा यथार्थवादका प्रणेता हुन् । उनका कथामा सनातन संस्कार र त्यसले जन्माएका विविध पक्ष, घरायसी व्यवहारमा देखिने असमानता, पारिवारिक समस्या, नारी अशिक्षा, अन्धविश्वास, कलह, मेलमिलाप, दुर्व्यवहार, पश्चात्ताप, त्याग, बलिदान, सांस्कृतिक, नैतिक, राजनीतिक र न्यायिक पक्ष, गरिबहरूको कष्टपूर्ण जीवन जस्ता विविध पक्ष विषयवस्तुका रूपमा आएका छन् । मैनालीले कथामा नेपाली समाजको यथार्थ पक्षको चित्रण गरी आदर्शको पुट दिने काम गरेकाले उनी आदर्शोन्मुख यथार्थवादी कथाकार हुन् । प्रस्तुत लेखमा गुरूप्रसाद मैनालीको 'प्रत्यागमन' कथामा कस्तो यथार्थको चित्रण गरिएको छ भन्नु मुख्य प्राज्ञिक समस्याका रूपमा रहेको छ भने कथामा पाइने यथार्थको अध्ययन विश्लेषण गर्नु यस लेखको उद्देश्य हो । कथामा पाइने यथार्थको विश्लेषणका क्रममा कथावस्तु, पात्र, परिवेश र भाषालाई आधार मानिएको छ । यथार्थको प्रस्तुतिका दृष्टिले प्रस्तुत कथा उत्कृष्ट भए पनि यस आधारमा अध्ययन नभएका कारण सोही रिक्तता पूर्तिका लागि यो विषय चयन गरी अध्ययन गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत लेखमा गुरूप्रसाद मैनालीको *नासो* कथासङ्ग्रहमा सङ्कलित 'प्रत्यागमन' कथालाई प्राथमिक सामग्रीका रूपमा उपयोग गरिएको छ । यथार्थवादका बारेमा गरिएका सैद्धान्तिक र प्रायोगिक अध्ययनलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । यहाँ दुवै प्रकृतिको सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । गुणात्मक प्रकृतिको यस अनुसन्धानमा दुवै प्रकारका सामग्रीहरूको प्रयोग गरी *प्रत्यागमन* कथामा पाइने यथार्थवादको अध्ययन विश्लेषण गरिएको छ । यसका लागि तथ्याङ्कको सङ्कलन पाठबाट गरिएको हुँदा पाठविश्लेषण विधिका आधारमा सामग्रीको विश्लेषण गर्दै त्यसलाई अर्थापन गरिएको छ ।

## यथार्थवादको सैद्धान्तिक परिचय

'यथार्थ' र 'वाद' शब्द मिलेर 'यथार्थवाद' शब्दको निर्माण भएको हो । 'यथार्थ' को अर्थ सत्य, वास्तविक, जस्तो हो वा देखिन्छ भन्ने हुन्छ भने 'वाद' को अर्थ सिद्धान्त हुन्छ । त्यसैले जीवनजगत् को यथातथ्य चित्रण गर्नुलाई नै यथार्थवाद भनिन्छ । यथार्थवादको अर्थ समाज र जीवनको यथावत् चित्रण हो । यथार्थ भनेको वस्तु र यसको गतिशील चरित्र हो । वस्तुलाई बुझ्नु भनेको वस्तुसित सम्बद्ध समग्र पक्षहरूलाई बुझ्नु हो (बराल, २०५२, पृ. १) । यसले वस्तु जगत्लाई वास्तविक मानी सामाजिक वस्तुको वस्तुपरक अभिव्यक्तिमा जोड दिन्छ । के र कस्तो छ भन्ने आधारमा विषयवस्तुको प्रस्तुति, यथातथ्य निरूपणमा जोड, जीवनको वास्तविक र हीन पक्षको चित्रणमा जोड दिने काम यथार्थवादी साहित्यमा गरिन्छ । यथार्थवादको उत्पत्ति मानिसको चेतन विश्वासमा निहित छ र यसको विकास भनेको यसलाई तार्किक आधारमा चेतनशील बनाउनु हो (हसन, सन् १९२८, पृ. ४०) । यसले व्यक्ति एवम् समाजका असल वा खराब जुनसुकै कुरालाई पनि यथातथ्य रूपमा प्रस्तुत गर्नुपर्ने मान्यता राख्छ । यथार्थको आग्रह 'सत्यम्' र 'सुन्दरम्' प्रतिभन्दा 'सत्यम्' प्रति बढी हुन्छ । तर यथार्थवादी सत्य निरपेक्ष सत्य होइन किन्तु देश, काल सापेक्ष हो (कँडेल, २०४६, पृ. ३) । इन्द्रियप्रत्यक्षबाट वस्तुका बारेमा प्राप्त हुने ज्ञान नै यथार्थ हो । प्लेटोले प्रत्ययलाई यथार्थ मान्दै बाह्य संसारका वस्तुलाई नभएर तिनका प्रत्यय, प्रतीति, आदर्श र विचारलाई यथार्थ ठानेका छन् (त्रिपाठी, २०४९, पृ. ४२) । स्वच्छन्दतावादी अति भावुकता तथा काल्पनिकताको विपरीततामा उदाएको यो वाद समाजको यथार्थ चित्रणमा रमाउने हुँदा यो सामाजिक यथार्थवादको नामबाट पनि चिनिन्छ । 'यथार्थ' सांसारिक वा बाह्य र मानसिक वा आन्तरिक गरी दुई प्रकारको हुने हुँदा मनको विषयलाई पनि मनोवैज्ञानिक यथार्थवाद भनी यथार्थवादकै प्रकारभित्र समेटिएको पाइन्छ (शर्मा र लुइटेल, २०६१, पृ. ३००) । साहित्य जगत्मा वस्तु नै यथार्थ भएको र त्यसको जस्ताको त्यस्तै साहित्यिक प्रयोग नै यथार्थवाद हो । यथार्थवाद कुनै सिद्धान्त होइन, यो अनुमान र प्रस्तावहरूको स्पष्ट अवधारणाद्वारा परिभाषित शब्द हो (डोन्ली, सन् १९९५, पृ. १०) । कलाको क्षेत्रमा जीवन र जगत्को यथार्थ चित्रणमा जोड दिने वस्तुपरक दृष्टिकोण नै यथार्थवाद हो । त्यसैले कृतिको कलात्मक प्रतिबिम्ब वस्तुगत यथार्थको सम्पूर्ण प्रक्रियाको उचित प्रतिबिम्बनको एउटा आवश्यक पक्ष हो (लुकाज, सन् १९६५, पृ. १७) । साहित्यका क्षेत्रमा संसारमा जुन वस्तु जस्तो छ ठिक त्यस्तै चित्रण भन्ने बुझाउने वाद नै यथार्थवाद हो । साहित्यकारले अभिव्यक्त गरेको विचार समाजको सामूहिक विचारको अभिव्यक्ति हो र यो यथार्थको नजिक हुन्छ (गोल्डम्यान, सन् १९८०, पृ. १११) । त्यसैले समाजको यथार्थ स्थिति सत्य वा वास्तविक कुराको उद्घाटन गर्नु साहित्यिक कलासम्बन्धी सिद्धान्त नै यथार्थवाद हो । जोन्सनले यथार्थवाद व्यक्तिसँग सम्बन्धित नभएर वस्तुसँग सम्बन्धित हुने बताएका छन् (गुज्जिनी, सन् २०१७, पृ. १२१) । यसले साहित्यका क्षेत्रमा सूक्ष्मको सट्टा स्थूल, काल्पनिकता नभई वास्तविकताको, भविष्यको नभई वर्तमानको, सुन्दरताको स्थानमा कुरूपताको र आदर्शको स्थानमा यथार्थको प्रकटीकरण गरेको हुन्छ । सामाजिक यथार्थवादको धर्मअनुसार कि त समाजका स्थापित मूल्य र मानकलाई स्वीकार गरी सामाजिक स्थितिको यथावत् चित्रण गरिन्छ, कि

त ती मूल्य र मानकको विरोध गरी सामाजिक रूपान्तरणको अपेक्षा गरिन्छ (श्रेष्ठ, २०७०, पृ. ४९) । यथार्थवादको मुख्य भेदका रूपमा रहेको सामाजिक यथार्थवादले समाजका कुरीति, अन्धविश्वास आदिको विरोध गर्छ । यसले जनजीवनका संस्कार, रहनसहन, आचरण, व्यवहार, मानवीय त्रुटि, दुर्बलता, नग्नता, क्रूरता आदिको तथ्यपरक वर्णन गरेको हुन्छ (शर्मा र लुइटेल, २०६१, पृ. ३००) । यथार्थवादी कथामा समाजका विकृतिको प्रतिवाद र विरोध गर्दै सामाजिक मूल्य र मानवीय यथार्थको अङ्कन गरिएको हुन्छ । यथार्थवादमा जे पनि सत्य हुन्छ तर समय र त्यसको सफलतालाई गम्भीरतापूर्वक लिनुपर्छ (क्रस, सन् १९४५, पृ. १६) । निम्नमध्यम वर्गीय समस्या, पारिवारिक तनाव र मनमुटावको स्थिति, ग्रामीण जनजीवनका पक्ष, सामाजिक विकृति र परिणाम, आर्थिक द्वन्द्व, सामाजिक मूल्य र मान्यताजस्ता विषयहरू सामाजिक यथार्थवादी कथामा आएका हुन्छन् (शर्मा, २०५९, पृ. ९२) । यसप्रकार यथार्थवादी कथाले बाह्य समाज र त्यसबाट प्रेरित प्रभावित वर्गको वास्तविक अवस्थाको चित्रण गर्छ । साहित्य सामाजिक अवस्था, सामाजिक परिवर्तन र सामाजिक विकासबाट निश्चित र निर्भर हुन्छ (वेलेक र वारेन, सन् २०००, पृ. १२७) । त्यसैले यथार्थ साहित्यमा समाजको विविध अवस्थाको जीवन्त चित्रण हुन्छ ।

आदर्शोन्मुख यथार्थवाद आदर्शतर्फ ढल्किएको हुन्छ । यथार्थवादमा भौतिक संसार मानव विचार धारणाबाट स्वतन्त्र रूपमा अवस्थित हुन्छ भने आदर्शवादमा भौतिक संसार मानिसको चेतन गतिविधिमा निर्भर रहन्छ (ओकासा, सन् २००२, पृ. ५८) । साहित्यमा यथार्थवाद आदर्शवादको विरोधी मानिन्छ किनभने आदर्शवादी साहित्यले जेजस्तो हुनुपर्छ त्यस्तो कुरा देखाउँछ भने यथार्थवादी साहित्यले जेजस्तो छ त्यसलाई सोही रूपमा नै देखाउँछ । यसर्थ यथार्थवाद आदर्शवादको विरोधी जस्तो दे खिन्छ तापनि कहिलेकाहीँ यो आदर्शवादतिर पनि उन्मुख रहन्छ र त्यतिखेर यसलाई आदर्शोन्मुख यथार्थवाद भनिन्छ (जोशी, २०६६, पृ.४७-४९) । सामाजिक व्यवहारसँग सम्बन्धित भएकाले यसलाई अझ आदर्शोन्मुख सामाजिक यथार्थवाद भन्नु उपयुक्त हुन्छ । यो मूलतः यथार्थवादी प्रकृतिको भएकाले यसलाई यथार्थोन्मुख आदर्शवाद नभनेर आदर्शोन्मुख यथार्थवाद वा आदर्शोन्मुख सामाजिक यथार्थवाद भनिन्छ । आदर्शवादले वास्तविकता, मौलिक अनुभव, विचारको प्रकृति आदिलाई विभिन्न रूपमा मन र मस्तिष्कद्वारा सङ्गठित गर्दछ (क्रस, सन् १९४५, पृ. ७) । आदर्शोन्मुख सामाजिक यथार्थवाद यथार्थमा अवलम्बित भएर त्यसैको सांस्कृतिक परिष्कारका निम्ति आदर्शलाई आह्वान गर्ने एउटा साहित्यिक मान्यता हो । जहाँ विशुद्ध आदर्शवादी लेखकहरू सुन्दरै सुन्दरको युटोपिया (आदर्श संसार) तयार पार्छन्, आदर्शोन्मुख यथार्थवादी लेखकहरू यस्ता कार्यहरूलाई पूरै कलागत अनीति ठान्दछन् (श्रेष्ठ, २०७०, पृ. ५०) । आदर्शोन्मुख यथार्थवादी रचनामा व्यक्ति वा समाजको यथातथ्य चित्रण गरिसकेपछि यदि कुनै किसिमका कमीकमजोरी देखिएका छन् भने तिनलाई निराकरण गर्न सकिन्छ भन्ने विश्वासका साथ यस्तो हुनुपर्दछ भन्ने आदर्शवादी सन्देश दिइएको हुन्छ (पौड्याल, २०८१, पृ. १०).। सैद्धान्तिक दृष्टिले हेर्दा आदर्शवाद र यथार्थवाद जीवनजगत्लाई हेर्ने दुई भिन्न भिन्न दृष्टिकोण भए पनि यथार्थबिनाको आदर्श र आदर्श नभएको यथार्थ सम्भव नहुने हुँदा यी एकअर्काका पूरकका रूपमा देखिन्छन् (प्रधान, २०५२, पृ. ७५) । जीवनलाई सामाजिक परिप्रेक्ष्यमा चित्रण गरी यस्तो होइन यस्तो हुनुपर्छ भन्ने विचार व्यक्त गर्ने प्रवृत्ति नै आदर्शोन्मुख यथार्थवाद हो । सोह्रौँ तथा

सत्रौँ शताब्दीको जनविद्रोह, किसान विद्रोह र रक्तपात र धार्मिक युद्धलाई चित्रित गर्ने रचनाहरूले मानिसले आफ्नो वातावरणलाई नियालेर हेर्न बाध्य गरेको तथ्यलाई प्रतिबिम्बित गरेपछि यथार्थवादको पूर्वाभास देखिएको हो (चापागाई र अन्य, २०४६, पृ. २१) । यथार्थवादलाई साहित्यमा प्रयोग गर्ने पहिला व्यक्ति ड्यानियल डिफो (१६६०-१७३१) हुन् (कँडेल, २०४६, पृ. १०) । कृतिलाई यथार्थको धरातलमा राखेर मूल्याङ्कन गर्ने विचारकहरूमा सेन्ट व्युभ, हिप्पोलाइट टेन आदि रहेका छन् ।

जीवनजगत्को वस्तुपक्ष जस्तो छ त्यस्तै रूपमा प्रस्तुत गर्ने साहित्यिक मान्यता तथा जीवनजगत्का बिचका सम्बन्धले मान्छेका जीवनमा देखापर्ने वास्तविकतालाई जस्ताको तस्तै प्रस्तुत गर्ने साहित्यिक मूल्य यथार्थवाद हो । यथार्थवादी अध्ययनले कृतिमा सन्निहित वास्तविकताको विश्लेषणलाई केन्द्रमा राखेको हुन्छ । कथामा यथार्थ हुनका लागि त्यसको कथावस्तु, पात्र, परिवेश तथा भाषाशैली जीवनजगत्सँग प्रत्यक्ष जोडिएको हुनुपर्छ । लेखकले कथा रचनाका क्रममा चयन गरेको कथावस्तु कति वास्तविक धरातलसँग सम्बन्धित छ अनि त्यस कथामा आएका पात्रले यथार्थ जीवनलाई कति राम्रोसँग समात्न सकेका छन् भन्ने कुराको विशेष भूमिका रहेको हुन्छ । यस्तै कथामा कथाकारले सिर्जना गरेको परिवेशले पनि यथार्थलाई बुझाएको हुन्छ र त्यहाँका पात्रले प्रयोग गरेको भाषा पनि यथार्थकै बोधक बनेको हुन्छ । त्यसैले यस लेखमा कथावस्तुमा रहेको यथार्थ, पात्र चयनमा देखाइएको यथार्थ, परिवेशगत यथार्थ र भाषा चयनगत यथार्थलाई मुख्य विश्लेषणको आधार बनाएर 'प्रत्यागमन' कथाको विश्लेषण गरिएको छ ।

## छलफल तथा परिणाम

कथाकार गुरूप्रसाद मैनालीको *नासो* कथासङ्ग्रह रहेको 'प्रत्यागमन' कथामा नेपाली ग्रामीण समाजका परिवारका सदस्यहरूको मेलमिलाप, मनमुटाव र पुनर्मिलनलाई देखाइएको छ । असमान वर्गका परिवारका बिचमा वैवाहिक सम्बन्ध कायम भयो भने त्यसले परिवारमा कस्तो अवस्था सृजना गर्छ र मानिस कर्तव्यपथबाट विचलित भयो भने त्यसको जीवन अन्धकारमा रूमलिन पुग्छ भन्ने कुरा देखाउने सन्दर्भमा यस कथाको रचना भएको पाइन्छ । यसमा दाजुभाइको प्रेम, वर्गीय असमानताका कारण उत्पन्न पारिवारिक मनकुटावको द्वन्द्वलाई प्रस्तुत गर्दै विपन्नताभित्रको आदर्श र सम्पन्नताभित्रको अहङ्कारलाई मार्मिक ढङ्गमा प्रस्तुत गरिएको छ । यस लेखमा 'प्रत्यागमन' कथामा पाइने यथार्थ र आदर्शोन्मुख यथार्थको अध्ययन गरिएको छ ।

### 'प्रत्यागमन' कथाको कथावस्तुमा यथार्थ

'प्रत्यागमन' कथा नेपाली समाजको यथार्थ विषयमा आधारित रचना हो । प्रस्तुत कथामा परिवारका सदस्यहरूमा समझदारी र मेलमिलाप हुन नसकेमा परिवारमा सुख शान्ति हराउँछ भन्ने मुख्य विषय प्रस्तुत गरिएको छ । 'प्रत्यागमन' कथा समाजमा रहेका परम्परा, रीतिरिवाज, धर्मसंस्कृति आदि विषयसँग अन्तर्निहित रहेर रचना गरिएको छ (गौतम र अधिकारी, २०६९, पृ. ५७) । कथामा आएको विषयले एकातिर नेपाली समाजको पारिवारिक समस्यालाई स्पष्ट पारेको छ भने अर्कातिर नेपाली

समाजका अधिकांश मानिसले भोग्नुपरेको वास्तविकतालाई सार्वजनिक गरिदिएको छ । कथावस्तुका रूपमा आएका तलका कथा सन्दर्भले नेपाली समाजको यथार्थ बोध गराएका छन् :

शोभाले सौतेलो देवर रामुलाई पूर्ण मातृस्नेहका साथ पालनपोषण गर्नु, रामुले एम.एस्सी. तह उत्तीर्ण गर्नु, रामुको बिहेका लागि सम्पन्न परिवारबाट प्रस्ताव आउनु, रामुले बिहे गरेपछि त्रिचन्द्र कलेजमा पढाउनु थाल्नु, रामुले जागिर गर्न थालेपछि परिवारको आर्थिक अवस्थामा परिवर्तन आउनु जस्ता घटना नेपाली समाजका अधिकांश मानिसले भोगेका यथार्थ हुन् । त्यस्तै रामुकी श्रीमती सधैँ बस्ने गरी कर्म घरमा आउनु, रामुकी श्रीमती आएपछि घरको चालचलन तथा व्यवहारमा परिवर्तन आउनु, दिनप्रतिदिन दाजुभाइका बिचमा भनाभनको स्थिति सिर्जना हुनु, आफ्नी श्रीमतीका कारण रामु घर छोडेर ससुरालीमा बस्न थाल्नु, रामुको सन्तान जन्मनु, छोराको पास्नीमा समेत दाजुभाउजू, छोर ाछोरी हरि, वसुधालाई नबोलाउनु, निर्मलको घरमा आर्थिक अभाव सिर्जना हुनु जस्ता घटना पनि नेपाली समाजका अधिकांश व्यक्तिले भोगेका यथार्थभन्दा पृथक् छैनन् । यस्तै शोभाले रामु बिरामी भई थलापरेको थाहा पाउनु, रामुको उचित स्याहारसुसार हुन नसक्नु, शोभा रामु बसेकै घरमा पुग्नु, शोभाको स्याहारसुसार र उचित उपचार पाएपछि रामुलाई निको हुनु, रामु आफूले गलत काम गरे कामा पश्चात्ताप मान्दै भाउजूका साथमा आफ्नै घर फर्कनु जस्ता घटनाबाट यस कथाको कथावस्तु निर्माण गरिएको छ । यस कथाको सुरूदेखि अन्त्यसम्म आएका अधिकांश घटना नेपाली समाजकै यथार्थ चित्र हुन् ।

'प्रत्यागमन' कथामा नेपाली समाजको पारिवारिक मनमुटावसँग सम्बन्धित विषय उठान गरिएको छ । यस कथामा परिवारमा आएको समस्यालाई कथावस्तुको आधार बनाइएको छ । कथामा कथाकारले रोजेको विषयको क्षेत्र समाज हो र त्यस समाजको पनि पारिवारिक मनमुटाव कथाको केन्द्र भाग हो । यस कथाको प्रारम्भमा सौतेलो भाइ रामुलाई निर्मल र शोभाले कुनै किसिमको मातृत्वमा कमी आउन दिएका छैनन् । पारिवारिक मोह र सम्बन्ध राम्रैसँग बुझेको भए पनि रामु पढाइ सकेर वै वाहिक जीवनमा बाँधिएपछि स्वर्ग जस्तै शान्त र सुन्दर परिवारमा कलहका बाछिटा देखिन थाल्छन् । रामुले कथामा देखाएको व्यवहार उसको व्यक्तिगत चरित्रको मात्र प्रतिबिम्बन नभई नेपाली समाजको यथार्थ हो । उसको व्यवहार अथवा मानसिक संरचनाको निर्माणमा समाजको भूमिका रहेको छ । निर्मल र शोभाले भोगेको परिस्थिति पनि केवल व्यक्ति मानसिकताको उपज मात्र नभई सामाजिक व्यवहारको निरन्तरता हो । यसका आधारमा हेर्दा प्रस्तुत 'प्रत्यागमन' कथामा आएको कथावस्तु यथार्थपरक रहेको छ । हाम्रो नेपाली समाज, नेपाली समाजको परिवार तथा ती परिवारका सदस्यका बिचमा देखिने अन्तर्कलहसँग सम्बन्धित विषयले पूर्णरूपमा नेपाली समाजको यथार्थ चित्र मात्र प्रस्तुत गरेको छैन अपितु कुनै कालखण्डको नेपाली समाजलाई आम पाठकसमक्ष प्रस्तुत गर्ने कार्य पनि गरे को छ । यथार्थवादी कथाकारमा समाजका सूक्ष्म तथा हीनतर विषयलाई पनि अग्रीकृत गर्ने प्रवृत्ति पाइन्छ र यस कथामा पनि यस्ता धेरै पक्ष आएका छन् । यसैको एउटा प्रतिनिधिका रूपमा कथाको तलको साक्ष्य प्रस्तुत गर्न सकिन्छ :

> रामु लुगाको पोको झुन्ड्याएर तलामा उक्ले । खोपामा टुकीको धमिलो बत्ती बलिरहेको, निर्मल, हरि र वसुधाहरु मैला लुगा लगाएर खाटमुनिको सुकुलमा बसेर तरकारीसँग चिउरा फाँक्न लागेका । निर्मल अत्यन्त दुब्ला, छुस्स दाह्री पालेका, हरि र वसुधा पनि ओइलाइएका फूल जस्ता कान्तिहीन, घर एकदम श्रीहीन (नासो, २०५७, पृ. ९०) ।

माथिको कथांशलाई आधार बनाएर हेर्दा रामुसँग छुट्टिएपछिको निर्मल र शोभाको घरको अवस्था कस्तो थियो भन्ने कुरा चित्र जस्तै छर्लङ्ग भएको छ । माथिको कथांशमा एकातिर निर्मलको घर को वास्तविक अवस्था प्रस्तुत गरिएको छ भने अर्कातिर त्यहाँको सूक्ष्मातिसूक्ष्म विषय पनि उठान गरिएको छ । यथार्थवादी कथाकार समाजका हीनतर पक्षको चित्रणमा विशेष रूचि राखेका हुन्छन् भन्ने कुरालाई माथिको कथांशले स्पष्ट पारेको छ । यस्तै प्रस्तुत कथामा मातृविहीन बालकलाई हेला र घृणा होइन स्नेह, माया र सद्भाव दिनुपर्छ भन्ने कुरा शोभा र निर्मलले रामुप्रति गरेको व्यवहार बाट देखाइएको छ । मर्ने वेलामा रामुकी आमाले उसलाई बुहारी शोभाको जिम्मा लगाएकी हुँदा शोभाले मातृस्नेह दिएर डेढ वर्षको रामुलाई पालनपोषण गरेकी छन् । शोभा र निर्मलले जेनतेन दुःखजिलो गरेर रामुलाई पढाएका, रामुले प्रथम श्रेणीमा प्रथम भई एम.एस्सी.उत्तीर्ण गरेको, रामुको उच्च कुलीन परिवारकी कन्यासँग बिहे भएको जस्ता घटनाको घरछिमेकमा प्रशंसा भएको छ । हाम्रो समाजका धेरै व्यक्तिले राम्रो काम गर्ने मानिसको प्रशंसा गरेका हुन्छन् भन्ने यथार्थ विषय कथामा अभिव्यक्त भएको छ । यस कथामा आएका रामुको बाल्यकालीन अवस्था तथा दाजुभाउजूले प्रदान गरेको मातृवात्सल्यवत् व्यवहारबाट पनि यथार्थ अभिव्यक्त हुन पुगेको छ । भाउजू आमासरह हुने र मातृवात्सल्य प्रदान गर्ने वास्तविकतालाई टुहुरो रामुको पालनपोषण भाउजू शोभाले गर्नु र रामुले मातृत्व सुख पाउनुबाट स्पष्ट हुन्छ :

> घरमा रामु, उसकी भाउजू र दाजु निर्मलबाहेक अर्को प्राणी कोही छैन । रामुका बाबु त ऊ वर्षदिन नपुग्दै मरिसकेका थिए । आमा पनि डेढ वर्षमा गैहालिन् । अब यस पितृमातृहीन रामुका शिशुका मातापिता शोभा र निर्मल नै छन् । घरमा उसका निम्ति सदा बालसाम्राज्य छ । शोभाबाट उसले प्रशस्त मातृत्व सुख पाइरहेको छ । शोभाको यस अलौकिक गुणको प्रशंसा टोलछिमेकका समस्त नरनारीले गरिरहेका छन् । (नासो, २०५७, पृ. ८१)

माथिको कथांशले रामुको बाल्यकालीन अवस्था बोध गराएको छ र उसको बाल्यकाल कति सुखमय थियो भन्ने कुरा पनि बुझाएको छ । कुनै आश्रय नभएको बालकलाई आश्रय प्रदान गरी मातृपितृ वात्सल्यले ढाक्नु हाम्रो जस्तो स्वार्थी समाजका लागि चानेचुने कुरा अवश्य होइन । त्यसैले कथामा आएका निर्मल र शोभा उदारमना अभिभावकका देखिएका छन् र यिनको चरित्र कतै न कतै यथार्थबाट अगाडि बढेर आदर्शसम्म पुगेको भेटिन्छ । कथामा आएका पात्रले नेपाली समाजको यथार्थ नै बोध गराएका भए पनि निर्मल र शोभा भने कतै न कतै आदर्श चेतनाबाट डोरिएका छन् ।

'प्रत्यागमन' कथामा परिवारमा मनमुटाव आउनाको मुख्य कारणका रूपमा सम्पन्न परिवारकी छोरीसँग रामुको विवाह हुनु हो । कथामा समान वर्गका परिवारका बिचमा सम्बन्ध कायम नगरी विषम वर्गका परिवारका बिचमा सम्बन्ध कायम गरेमा त्यो नै पारिवारिक उथलपुथलको कारण बन्न सक्ने यथार्थ कुरा प्रकट भएको छ । धनी परिवारकी छोरी गरिबका घरमा बुहारी भएर प्रवेश गरेपछि सधैँ एकनास रहन्छ भन्न सकिँदैन भन्ने कुरालाई कथामा देखाइएको छ । रामुकी पत्नी घरमा आएपछि परिवारमा आन्तरिक मनमुटाव सुरू भएको छ । रामुकी श्रीमतीले घरमा कुनै काम नगर्ने, कोठाको कसिङ्गरसमेत सफा नगर्ने, जाडामा कौसीमा घाम तापेर उपन्यास पढ्ने, गर्मीमा सुत्ने र कलेजका विद्यार्थी फर्कँदा तथा जात्रा हुँदा सिँगारपटार गरेर झ्यालमा बस्ने जस्ता गविविधि गरेकी छ । यति मात्र नभई रामुकी श्रीमतीले छरछिमेकका आइमाईसँग आफूलाई खान नदिएको जस्ता कपोलकल्पित कुरासमेत गरेकी छ । यस्ता घटनाक्रमका कारण परिवारमा मनमुटाव सुरू भएको छ भने त्यसैका कारण परिवारको सुख पनि समाप्त हुन पुगेको छ ।

'प्रत्यागमन' कथामा सम्भ्रान्त वर्गीय परिवारले छोरीलाई माइतबाट घर पठाउँदा देखाउने तडकभडक र संस्कार नसिकेका छोरीले पतिका घरमा देखाउने रवाफलाई यथार्थरूपमा चित्रण गरिएको छ । यस कथाले आर्थिक रूपमा असमान हैसियत भएका परिवारका बिचमा कायम गरिने वैवाहिक सम्बन्ध दिगो नहुने यथार्थ प्रस्तुत गरेको छ । यस कथामा नयाँ बुहारीका रूपमा भित्रिएकी नारीको स्वभाव र त्यसले परिवारमा ल्याउन सक्ने मनमुटाव र अशान्तिलाई यसरी देखाइएको छ । "एक दुई महिनासम्म त घरको पूर्वानुक्रममा उति परिवर्तन भएन । तर त्यसपछि गरिबका घरमा धनीकी छोरी बुहारी भएर पस्ता बहुधा जुन किसिमको गडबडी उत्पन्न हुन्छ, त्यसको पूर्वाभास देखिन लाग्यो" (नासो, २०५७, पृ. ८५) । यस कथांशले रामुकी श्रीमतीको अस्वाभाविक व्यवहार नै पारिवारिक अशान्तिको कारण रहेको कुरा उल्लेख गरेको छ । यस कथामा आफूले स्वतन्त्र रूपमा निर्णय गर्न नसकेर अरूको निर्णयको भरमा चल्यो भने जीवन अन्धकारको खाडलमा धसिन सक्ने कुरा रामुको दुःखपूर्ण अवस्थाको चित्रणबाट प्रस्तुत गरिएको छ । त्यस्तै यस कथामा लक्षणवती शोभा जस्ती स्त्री भएमा घरपरिवारको भविष्य उज्ज्वल बन्छ भने कुलक्षणा (रामुकी श्रीमती जस्ती) स्त्री भएमा सुन्दर पारिवारिक जीवनमा उथलपुथल आउँछ भन्ने कुरा शोभा र निर्मलको शान्त गृहस्थीमा रामुकी श्रीमतीको प्रवेशले ल्याएको आँधीहुरी, तुफान र मनमुटावबाट स्पष्ट हुन्छ । यस कथामा नेपाली समाजका निम्न आर्थिक अवस्था भएका परिवारको दुःखदायी स्थिति देखाउँदै नेपाली समाजको यथार्थ चित्र प्रस्तुत गरिएको छ । पत्नीले भनेका कुरा सही वा गलत छुट्याउन नसक्ने, लहैलहैमा लागेर परिवारप्रति दुर्व्यवहार गर्ने, दाजुभाइका बिचमा मनमुटाव गर्ने, अभिभावकले आफूप्रति गरेको कर्तव्य, दायित्व र जिम्मेवारी बिर्सने नेपाली समाजका युवापुस्ताको व्यवहार यस कथामा जीवन्त रूपमा आएको छ :

> एकदिन दुलहीका कुरालाई लिएर दाजुभाइको सामान्य हिसाबसँग ठाकठुक पनि भो । रामुले "दाजु म छुट्टिएर बेग्लै बस्छु" भने । रामुको कुरा सुनेर निर्मलले गहभरि आँसु पारेर भने –"पर्खी बा ! एकपटक भाउज्यूलाई लिएर तीनधाम गरेर आऊँ, अनि छुट्टिएलास् । जिन्दगीभर दुःख गर्दागर्दै बुढो भैहालेँ । भाउज्यू पनि रोगी छ । हामी दुवै जना उतै मऱ्यौँ

> भने तैँले छुट्टिने कामै परेन । वसुधाको बिहे गर्ने वेला भैसक्यो, उसलाई एउटा बाहुनको छोरो खोजेर जिम्मा लाइदिनू । हरि बालखै छ, उसलाई जे गर्नुपर्छ आफैँ जान्नू, म आफ्ना रापले आफैँ पिल्सिराखेको मानिसलाई किन घोच्छस् ?" शोभाचाहिँ अर्कापट्टि फर्केर देवर र पतिका कुरा सुन्दै आँसुका थोपा खसाल्दै गर्न लागेकी थिइन् । (नासो, २०५७, पृ. ८५-८६)

प्रस्तुत कथामा नेपाली समाजमा चल्दै आएको सांस्कृतिक यथार्थलाई पनि देखाइएको छ । बिहेका वेला दुलाहाले आमालाई दक्षिणा दिएर ढोग गर्ने र आमाले दुलाहालाई दही खुवाएर बिदा गर्ने नेपाली समाजको प्रचलनलाई देखाइएको छ । यस कथामा रामुकी मातासरह रहेकी भाउजू शोभा र रामुका बिच भएका गतिविधिले यसलाई स्पष्ट पारेको छ : "दुलाहा अन्माउने वेलामा रामुले शोभाका गोडामा रूपियाँ राखेर ढोगिदिए । शोभाले गहभरि आँसु पारेर रामुलाई दही ख्वाइदिइन्" (पृ. ८२) । बाबुआमा सरहका दाजुभाउजूलाई छोडेर अलग बसेको रामुले आफ्नै छोराको पास्नीमा भतिजा र भतिजीलाई समेत नबोलाएको घटनाले मानिसले आफ्नो धर्म बिर्सने र धनका अहम्ले स्वार्थी हुने प्रवृत्तिलाई शोभाको भनाइबाट देखाइएको छ : "हामीलाई नडाके पनि यी बालक छोराछोरीलाई त अवश्य डाक्नुपर्थ्यो । यी अजान बालकहरूले के बिराएका थिए र, आफूले हुर्काएका छोराछोरीलाई पनि चटक्कै बिर्से ! अहो ! संसार कति मतलबी छ !" (नासो, २०५७, पृ. ८६) । प्रस्तुत कथामा सौतेनी सम्बन्ध दिगो हुँदैन भन्ने सामाजिक विश्वासलाई पनि देखाइएको छ : "देख्यौ, सौतेनी भाइको चाला ! देवताको घरमा नभएको कुरो मानिसको घरमा किन हुन्थ्यो" (नासो, २०५७, पृ. ८६) । यस कथांशले नेपाली समाजको सौतेनी व्यवहारमा रहने कपटको मनोविज्ञान प्रस्तुत गरेको छ । यस मनोवैज्ञानिक यथार्थको जग नेपाली समाजको यथार्थ नै हो । यसकारण प्रस्तुत कथामा मूलतः नेपाली समाज अनि परिवारमा पनि सौतेला दाजुभाइका बिचमा रहने व्यवहारलाई स्पष्ट रूपमा देखाइएका कारण कथावस्तुको आधार बीजका रूपमा नेपाली समाजको वास्तविक यथार्थ आएको छ । यस्तै कथामा असमान विवाहका कारण सिर्जित समस्याका माध्यमबाट एकातर्फ तत्कालीन अवस्था बोध पनि गराइएको छ भने अर्कातर्फ आर्थिक असमानताका कारण जन्मने पारिवारिक समस्या पनि प्रस्तुत गरिएको छ । यिनै साक्ष्यलाई हेर्दा प्रस्तुत कथाको जग निर्माण गर्ने कार्य समाजका यथार्थवादी घटनाका आधारमा गरिएकाले कथावस्तुको स्रोत र कथावस्तुमा यथार्थ रहेको स्पष्ट हुन्छ ।

### 'प्रत्यागमन' कथाको पात्रमा यथार्थ

'प्रत्यागमन' कथामा नेपाली समाजको वास्तविकताको प्रतिनिधित्व गर्ने चरित्र आएका छन् । यस कथामा रामु, निर्मल, शोभा, हरि, वसुधा, रामुकी श्रीमती, तरूनी आइमाई, डाक्टर, डोले र रामुकी श्रीमतीसँग आएका आइमाईहरू, रामुको सानो छोरो दिनेश, टोल छिमेकका मानिसहरु समूह पात्रका रूपमा आएका छन् । कथामा आएका यी पात्रले नेपाली समाजमा रहेका विभिन्न क्षेत्रको प्रतिनिधित्व पनि गरेका छन् । रामु कथाको यथार्थ चरित्र हो र प्रमुख पुरूष पात्र पनि हो । सानैमा आमाबाबु गुमाएको टुहुरो बालक रामुको पालनपोषण सौतेली भाउजू शोभाबाट भएको कुरा यस कथामा देखाइएको छ । कथामा शोभाले रामुलाई कुनै किसिमको अभाव सिर्जना हुन दिएकी छैनन् भन्ने कुरा बाल्यकालीन अवस्थामा रामुसँग खेलेको खेलबाट स्पष्ट हुन्छ :

> रामु दगुर्दै कमलको बगैँचामा गयो र ढुङ्ग्रोबाट बोल्न लाग्यो । रामुले "दाहिने हात उचाल्नुहोस्" भन्यो, शोभाले हाँसेर देब्रे हात उचालिन् । रामुले "नाक समाउनुहोस्" भन्यो, शोभाले कान समाइन् । यसरी शोभाले विपरीत काम गरेको देखेर रामुले भुइँमा खुट्टा बजारेर रून्चे मुख लगाएर भन्यो "नाइँ, बोल्दिनँ तपाईँसँग, म नाक समाउन भन्छु, तपाईँ कान समाउनुहुन्छ ।" (नासो, २०५७, पृ. ८०)

प्रस्तुत कथांशमा देवर र भाउजूका बिचमा खेल भएको छ र भाउजूले देवरले भनेका भन्दा फरक काम गर्दा देवरले दिएको प्रतिक्रिया नेपाली समाजको यथार्थसँग जोडिएको छ । यहाँका प्रत्येक क्रियाकलाप नेपाली समाजका अधिकांश व्यक्तिले भोगेको जीवनसँग सम्बन्धित रहेका छन् ।

अभावमा बाँचेको व्यक्तिले मिहिनेतका साथ उच्च शिक्षा हासिल गर्छन् भन्ने कुरा रामुले एम.एस्सी. तहमा प्रथम श्रेणीमा प्रथम भएको विषयबाट स्पष्ट पारिएको छ । विवाहपूर्व आदर्श र अनुकरणीय पात्रका रूपमा देखिएको रामुमा सम्भ्रान्त परिवारकी छोरीसँग विवाह गरेपश्चात् परिवर्तन भएको छ । शिक्षित व्यक्ति भए पनि स्वनिर्णय गर्न नसक्ने र अरूको कुरा सुनेर भड्कावमा लाग्ने व्यक्तिका रूपमा देखापरेको रामु आफूलाई सानै उमेरदेखि मातृवात्सल्य दिएर हुर्काउने, पढाउने बाबुआमासर हका दाजुभाउजू चटक्क छाडेर श्रीमतीको पछाडि लाग्ने स्वार्थी बनेको छ । सोह्र वर्षको उमेरमा निर्मलकी पत्नी बनी आएकी शोभाले डेढ वर्षको टुहुरो सौतेलो देवर रामुलाई मातृवत् व्यवहार र स्ने ह दिएकी उनी आदर्शवादी नारीका रूपमा कथामा उपस्थित भएकी छन् । रामुलाई हुर्काउने, बढाउने तथा पढाउने क्रममा शोभाले गरेका क्रियाकलाप यथार्थसँग सम्बन्धित छन् । शोभाको चरित्रले ने पाली नारीको आदर्श प्रवृत्तिलाई छर्लङ्ग पारेको छ । रामुलाई मातृत्वको अभाव खड्किन नदिई उसको व्यक्तित्व निर्माण गर्ने कार्यमा शोभाको विशेष भूमिका रहेको छ । रामुले जागिर खाएपछि पाएको पहिलो महिनाको तलब पाउँदा शोभामा निकै खुसी छाएको थियो । रामुको खुसियालीले शो भालाई आनन्दित बनाएको छ भने रामुको पीडा शोभाका लागि पनि दुःखको कारण बनेको छ । यस कथामा आएका निर्मल आदर्श सहायक चरित्र हुन् । सौतेलो भाइलाई स्नेह दिई उसको सफल भविष्य निर्माणमा भूमिका खेलेका निर्मल नेपाली समाजका असल दाजुका रूपमा देखिएका छन् । थोरै आम्दानी भए पनि दुःखकष्ट खेपेर भाइलाई पढाउने निर्मल न्यून आम्दानी भएका व्यक्तिहरूको प्रतिनिधि हुन् । सम्भ्रान्त परिवारकी छोरीका रूपमा देखापरेकी रामुकी श्रीमती धनीको छोरी भएर गरिबको घरमा बिहे गरी सुखपूर्वक बसेका परिवारमा मनमुटाव र विचलन ल्याउने काम गर्ने नेपाली समाजको यथार्थ पात्रका रूपमा आएकी छ ।

'प्रत्यागमन' कथामा आएका सबै पात्र नेपाली समाजबाट टपक्क टिपिएका र यथार्थ जीवनसँग मेल खाने प्रकारका नै छन् । कथामा रामु, निर्मल तथा रामुकी श्रीमती यथार्थ प्रवृत्तिका हुन् भने शोभा आदर्श पात्र हुन् । नेपाली समाजमा परापूर्व कालदेखि सौतेनी खलकका सन्तानका बिचमा बाहिर जति मिलाप देखाइए पनि वास्तविकतामा उनीहरूको मन एक ढिक्का हुँदैन भन्ने कुरालाई रामु र उसकी श्रीमतीले गरेको व्यवहारबाट स्पष्ट पारिएको छ । त्यसैले पात्र प्रयोगका आधारमा प्रस्तुत कथा मूलतः यथार्थपरक र अंशतः आदर्शवादी रहेको पाइन्छ ।

## 'प्रत्यागमन' कथाको परिवेशमा यथार्थ

'प्रत्यागमन' कथामा काठमाडौँको सहरिया वातावरणमा निम्न वेतनभोगी मानिसले भोग्नुपरेको स्थितिलाई देखाई निम्न मध्यमवर्गीय जीवनको यथार्थ चित्रण गरिएको छ । यस कथामा गङ्गा जलले नुहाउने, पूजा पाठ गर्ने, बिहे गर्ने, भोज खुवाउने, पास्नी गर्ने जस्ता कुराहरूलाई प्रस्तुत गरेर हिन्दु संस्कृति र परम्पराको अनुसरण गर्ने नेपाली समाजको चित्र उतारिएको छ । माइतबाट घर जाँदा नारीहरूले कोसेलीपात लैजाने नेपाली समाजको पक्षलाई पनि यस कथामा देखाइएको छ । कसैको परिवारमा राम्रो काम भए प्रशंसा गर्ने र नराम्रो काम भए कुरा काट्ने नेपाली समाजको यथार्थ पनि यस कथामा आएको छ । महिलाहरु जम्मा भएर कुरा काट्ने नेपाली ग्रामीण समाजको प्रचलन तथा तरकारीसँग चिउरा खानु, टुकी बाल्नु, सुकुलमा बस्नुले नेपाली समाजको गरिबीयुक्त यथार्थ कथामा आएको छ ।

'प्रत्यागमन' कथामा काठमाडौं उपत्यकाका त्रिचन्द कलेज, जुद्ध सडक, बागमती, दक्षिणकाली जस्ता स्थानको चर्चा कथामा पाइनाले यसले काठमाडौं उपत्यकालाई नै सेरोफेरो बनाएको छ भन्न सकिन्छ । डेढ वर्षको रामुको लालनपालनदेखि, उसको पढाइ, बिहे, सन्तानप्राप्ति जस्ता घटनाहरु यस कथामा देखिएका छन् र कथामा समयको सङ्केत समेत गरिएको देखिन्छ । यसबाट यस कथाले लगभग २६ वर्षको समयावधिभित्र घटित घटनालाई कथावस्तुभित्र समेटेको छ । युवाहरूले उच्च शिक्षा हासिल गर्न पाउने वातावरणको उल्लेख भएकाले यो कथाले २००७ सालपछिको परिवेशलाई लिएको देखिन्छ । "रामुले शोभालाई ढुङ्ग्रामा कान थाप्न लगाए । भन्यो– 'म परको ढुङ्ग्राबाट जेजे भन्छु तपाईं त्यही त्यही गर्नुस् है भाउजू ।" (नासो, २०५७, पृ.८६) भन्ने अभिव्यक्तिले टेलिफोनको विकास भइसकेको सन्दर्भलाई सङ्केत गरिएको छ । कथामा आएको स्थानगत तथा स्थलगत दुवै परिवेशले नेपालको वास्तविक अवस्था बोध गराएका छन् । यस कथामा सहरिया परिवेशको उपयोग गरिएको छ । समाज, घरपरिवार, काठमाडौँ, त्रिचन्द्र कलेज आदि परिवेशका माध्यमबाट नेपाली समाजमा रहेको सौतेनी व्यवहार तथा असमान विवाहका कारण सिर्जित पारिवारिक मनमुटाव अनि पुनर्मिलन सबै नेपाली समाज पृथक् विषय होइनन् भन्दै परिवेशको सूक्ष्म र मिहिन उपस्थिति गराउने कार्य कथामा गरिएको छ । यसैका आधारमा कथाको परिवेश यथार्थपरक रहेको छ ।

## 'प्रत्यागमन' कथाको भाषा प्रयोगमा यथार्थ

प्रस्तुत 'प्रत्यागमन' कथाको भाषाशैली सरल, सहज र सरस किसिमको देखिन्छ । यस कथामा पात्रानुसारको कथ्य भाषालाई जस्ताको तस्तै प्रस्तुत गरिएकाले भाषिक चयनका दृष्टिले यथार्थवादी रहेको छ । "अँ, कसो हुँदोरहेछ हामीले भनेको, सुनियो कि सुनिएन ? तपाईँ सुनिँदैन भन्नुहुन्थ्यो नि क्ष"(नासो, २०५७, पृ. ८०) भन्ने जस्ता बालसुलभ अभिव्यक्ति कथामा आएका छन् र यस्ता अभिव्यक्तिका माध्यमबाट बालसंसारको बोध भएको छ । कथामा प्रयोग गरिएको बालबोलीमा निश्चलता तथा बालसुलभपन पाइन्छ र यसले बालजगत्को यथार्थ बोध गराएको छ । यस्तै शोभाको बोलीमा ममता र कारूणिकता छ, निर्मलको बोलीमा बौद्धिकता छ । कथामा आएका टोलछिमेकका महिलाको भाषिक अभिव्यक्तिमा पनि यथार्थको झलक पाइन्छ । "नानी बज्यै रामु बाबुको उस जन्मकी

आमा तपाईँ हुनुहुँदो रहेछ, टुहुरो देवरलाई पढाइ गुनाई मानिस तुल्याएर घरजम गरिदिनुभयो । तपाईँको ऋण रामुले सात जन्म गरे पनि तिर्न सक्दैनन्" (नासो, २०५७, पृ. ८२) । यहाँ एकातिर कथाको वास्तविक विषयको झल्को आएको छ भने अर्कातर्फ शोभाको चरित्रलाई हाम्रा समाजका व्यक्तिले कसरी प्रस्तुत गर्छन् भन्ने यथार्थ पनि देखाइएको छ । यसमा नेपाली झर्रा तथा तद्भव शब्दहरूको आधिक्य देखिन्छ भने केही तत्सम शब्दका साथै एकाध आगन्तुक शब्दको पनि प्रयोग भे टिन्छ । पात्रको भावनालाई सजिलै बोक्न सक्ने किसिमको भाषाशैलीमा यो कथा समन्वित छ । यस कथामा सरल, संयुक्त र मिश्र तीनै खाले वाक्यको प्रयोग गरेको पाइए पनि छोटा र छरिता सरल वाक्यको अधिक प्रयोगले कथामा सरलता पाइन्छ । अनुकरणात्मक शब्द, निपात आदिको प्रयो गले भाषाशैली रोचक र स्वाभाविक बन्न पुगेको छ । पात्रानुकूल संवादले कथा रोचक र सरस बन्न पुगेको छ । भाषिक प्रयोगका दृष्टिले कथा यथार्थपरक देखिन्छ ।

## 'प्रत्यागमन' कथामा आदर्शोन्मुख यथार्थ

'प्रत्यागमन' कथामा नेपाली समाजको यथार्थलाई देखाउँदै आदर्शको सन्देश दिइएको छ । रामु र निर्मलका बिचमा सामान्य ठाकठुक भएपछि घर छोडेको रामु आफ्नो अतीतका कार्यहरूप्रति पश्चात्ताप मानी भाउजूका साथ दाजु निर्मलका घरमा फर्किएको सन्दर्भबाट सामान्य विषयमा मनमुटाव भए पनि त्यसलाई बिर्सेर परिवारमा मेलमिलाप कायम गर्नुपर्छ, अन्यथा जीवनमा पश्चात्ताप भोग्नुपर्छ भन्ने आदर्श विचार यस कथामा व्यक्त भएको छ । सामान्य विषयलाई लिएर दाजुभाइका बिचमा झगडा गर्नुहुँदैन, एउटै सिरान गरेर सुतेपछि गोडा लाग्नु स्वाभाविक ठानेर त्यसलाई बिर्सनुपर्छ तथा यसैलाई कारण बनाई घर छाडेर हिँड्नुहुँदैन भन्ने आदर्शोन्मुख यथार्थको प्रकटीकरण यस कथामा भएको छ :

> "आफ्ना घरमा, जहाँ तपाईँ बस्नुहुन्छ, जहाँ दाजु हुनुहुन्छ, जहाँ हरि र वसुधा छन् । मेरो घर त्यही हो भाउजू ! यहाँ यिनीहरूले मलाई अकालमा मार्छन् ।" (नासो, २०५७, पृ. ९०)

"मेरो देवता जस्तो दाजुले मलाई कुन दिन घरबाट निकाल्नुभाको थियो र आज सोध्ने ? आफैँ उम्लिएर हिँडेको थिएँ, आफैँ फर्केर जान्छु, उहाँको स्वभाव मैले जानेको छु ।" (नासो, २०५७, पृ. ९०)

> "शिव ! शिव ! मैले आफ्ना परिवारको कति ठुलो अनिष्ट गरेँ ! परमेश्वर, म कृतघ्न हुँ ! मेरा पौरखलाई धिक्कार छ !" (नासो, २०५७, पृ. ९०)

कथाकार मैनालीले कथाको अन्तिममा रामुलाई आफ्नो अतीतका कार्यप्रति पश्चात्ताप गरेको देखाउँदै पुनः दाजु भाउजूकै घरमा फर्केको देखाएर आदर्शवादी सन्देश पनि दिएका छन् । यसरी प्रस्तुत कथाले नेपाली समाजको परिवारभित्रको यथार्थको चित्रण गरी अन्त्यमा परिवारका सदस्यका बिचमा सधैँ मेलमिलाप हुनुपर्छ भन्ने आदर्शवादी विचारलाई प्रस्तुत गरेकाले कथा आदर्शोन्मुख यथार्थवादी बन्न पुगेको छ ।

नारीको त्याग र नारीको दम्भबिचको भिन्नतालाई देखाउँदै कथाकारले यस कथामा मानिसमा पवित्र भावना, आदर्श प्रेम र ममता हुनुपर्छ भनेका छन् भन्दै मानिसले घमण्ड, दुर्भावना, क्षुद्रता, ईर्ष्या

जस्ता आचरणलाई त्यागेर मानवतालाई अँगाल्नुपर्छ र कर्तव्यपरायण बन्नुपर्छ भन्ने आदर्शवादी सन्देश दिएका छन् । 'प्रत्यागमन' कथाको सुरूमा दाजु भाउजूप्रति समानको भाव प्रकट गर्ने, घर व्यवहारमा सहयोग गर्ने रामुको क्रियाकलाप बिहेपश्चात् परिवर्तन भए पनि अन्तिममा दाजु भाउजूकै घरमा फर्केर उनीहरूप्रति आदर र समान प्रकट गरेर उसले असल र अनुकरणीय आदर्श व्यवहार देखाउन पुगेको छ । प्रस्तुत कथामा शोभाले टुहुरो बालकलाई मातृवात्सल्य प्रदान गरी सक्षम बनाएको यथार्थ घटनाका माध्यमबाट नारीको महानतालाई देखाएर शोभाको जस्तो आचरण र व्यवहार गर्नुपर्ने आदर्शवादी विचार प्रकट गरिएको छ ।

## निष्कर्ष

गुरूप्रसाद मैनालीद्वारा लिखित 'प्रत्यागमन' सामाजिक विषयमा आधारित कथा हो । नेपाली समाजको ग्रामीण क्षेत्रसँग सम्बन्धित यथार्थपरक विषय नै यस कथाको आधार बनेको छ । यस कथाले नेपाली समाजको परिवारको यथार्थ र आदर्शलाई प्रस्तुत गर्दै दाजु र भाइका बिचमा मनमुटाव नभई मेलमिलाप हुनुपर्ने कुरा प्रस्तुत गरेको छ । यस कथामा निम्न आर्थिक अवस्था भएको परिवारको दुःखदायी स्थितिको यथार्थ चित्रण गरी कथाको अन्तिममा रामुलाई आफ्नो अतीतका कार्यप्रति पश्चात्ताप गरेको देखाउँदै पुनः दाजु भाउजूकै घरमा फर्केको देखाएर आदर्शवादी सन्देश दिइएको छ । यसरी प्रस्तुत कथाले नेपाली समाजको परिवारभित्रको यथार्थको चित्रण गरी अन्त्यमा परिवारका सदस्यका बिचमा सधैँ मेलमिलाप हुनुपर्छ भन्ने आदर्शवादी विचारलाई प्रस्तुत गरेकाले यो कथा आदर्शोन्मुख यथार्थवादी कथा बन्न पुगेको छ । प्रस्तुत 'प्रत्यागमन' कथामा निम्नमध्यम वर्गीय निर्मल र शोभाको परिवारको समस्याको उद्‌घाटन, नयाँ दुलहीको आगमनपश्चात् सुरू भएको पारिवारिक तनाव र विघटनको स्थितिको प्रकटीकरण, तत्कालीन ग्रामीण जनजीवनका विविध पक्षको चित्रण, सामाजिक विकृति र त्यसले ल्याएको परिणाम, आर्थिक द्वन्द्व, सामाजिक मूल्य र मान्यता जस्ता यथार्थपरक विषयहरू आएका छन् । कथाको कथावस्तु, पात्र, परिवेश र भाषामा यथार्थ प्रकट भएको छ भने कथान्तमा पात्रले देखाएको व्यवहारबाट आदर्शवादी धारणा प्रस्तुत हुन पुगेको छ ।

प्रस्तुत कथाको कथावस्तु नेपाली समाजमा घट्ने यथार्थ घटनाबाट निर्मित भएकाले कथावस्तु यथार्थपरक रहेको छ । त्यस्तै शोभा, निर्मल, रामु, रामुकी पत्नी आदि पात्रले नेपाली समाजका विविधि प्रवृत्ति भएका चरित्रको प्रतिनिधित्व गर्ने भएकाले पात्र पनि यथार्थ छन् । नेपाली समाजको जीवन्त परिवेशको चित्रण गरिएकाले परिवेश यथार्थ छ भने पात्रानुकूल भाषा र संवादको प्रयोगले भाषाशैली पनि यथार्थपरक छ । यथार्थवादी साहित्यले घटना, पात्र, परिवेश र भाषा जस्ता पक्षले यथार्थको प्रकटीकरण गर्नुपर्ने मान्यता राखेको हुन्छ । यही मान्यताअनुरूप कथावस्तु, पात्र, परिवेश, भाषा यथार्थपरक रहेकाले प्रस्तुत कथा यथार्थवादी बनेको छ । यथार्थवादले आदर्शको अपेक्षा गरेको हुँदैन तर कथामा यथार्थलाई प्रस्तुत गरी आदर्शमा टुङ्ग्याइनु यथार्थवादी मान्यताका आधारमा यस कथाको सीमा हो । आदर्शोन्मुख यथार्थवादी रचनामा समाजको यथातथ्य चित्रण गरेपछि कमीकमजोरी निराकरणका लागि आदर्शवादी सन्देश दिइएको हुन्छ । यथार्थ घटनाको वर्णन गरी

कथाको समापन आदर्शवादी विचारका साथ गरिएकाले प्रस्तुत कथा आदर्शोन्मुख यथार्थवादी कथा बन्न पुगेको छ भन्ने निष्कर्ष नै यस लेखको प्राप्ति हो ।

## सन्दर्भ सामग्रीसूची


कँडेल, घनश्याम उपाध्याय (२०४६). *पाश्चात्य यथार्थवादी नाटक.* : सुभद्रा उपाध्याय कँडेल ।

गौतम, लक्ष्मणप्रसाद र अधिकारी, ज्ञानु (२०६९). *नेपाली कथाको इतिहास.* : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

चापागाई, निनु, पौड्याल, रामहरि र खरेल, रूद्र (सम्पा. २०४६). *प्रतिनिधि नेपाली कथाहरू* : स्रष्टा प्रकाशन ।

जोशी, कुमारबहादुर, (२०५५). यथार्थवाद. *नेपाली साहित्यकोश* (सं. ईश्वर बराल र अन्य) : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

त्रिपाठी, वासुदेव (२०४९). पाश्चात्य *समालोचनाको सैद्धान्तिक परम्परा.* भाग २. तेस्रो संस्क. : साझा प्रकाशन ।

पौड्याल, एकनारायण (२०८१). छिमेकी कथामा आदर्शोन्मुख यथार्थवाद. *प्रज्ञान,* ८(१), पृ. ८-१६, ISSN : 2661-6068. https://doi.org/10.3126/pragyan.v8i1.67658

प्रधान, कृष्णचन्द्र (२०५२). *नेपाली उपन्यास र उपन्यासकार* (तेस्रो संस्क.). साझा प्रकाशन ।

बराल, ऋषिराज (२०५२). *मार्क्सवाद र उत्तरआधुनिकतावाद.* : सविता बराल ।

मैनाली, गुरूप्रसाद (२०५७). *नासो* (सोह्रौँ संस्क.). : अम्बिकाप्रसाद मैनाली ।

वेलेक, रेने र वारेन, अस्टिन (सन् २०००). *साहित्य सिद्धान्त* (अनु. बी.एस. पालीवाल). इलाहावादः लोकभारती प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६१). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, हरिप्रसाद (२०५९). *कथाको सिद्धान्त र विवेचन.* : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (२०७०). *नेपाली कथा र कथाकार.* : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

Cross, R.N. (1945). *Idealism and Realism*. London : The Landsey Press.

Donnelly, J. (1995). *Theories of International Relations*. UK: Palgrave Machullian.

Goldmann, L. (1980). *Essay on Methods in the Sociology of Literature*. Translated and Edited by William Q. Boelhower. Telos Press. httpsM//en.wikipedia.org/wiki/Worldview

Guzzini, S. (2017). *Realist Theory and Practice*. Denmark : Danish Institute for International Studies.

Hasan, S.Z. (1928). *Realism*. London : Cambridge University Press.

Lucas, G. (1965). *Meaning of Contemporary Realism*. London : Merlin.

Okasha, S. (2002). *Philosophy of Science A Very Short Introduction*. Newyork : Oxford University Press.